जुनीचाँदे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**मजकोट, जाजरकोट**

**कर्णाली प्रदेश, नेपाल**

**लामितरा बुदिडाडाँ जुम्ला निर्माण (७.९० कि.मी) सडक खण्ड निर्माण को प्रारम्भिक वातावरण परीक्षण प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना**

प्रकाशित मिति: २०८३/०२/०५

कर्णाली प्रदेश, जाजरकोट जिल्लाको जुनीचाँदे गाउँपालिकामा जुनीचाँदे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मजकोट, जाजरकोट द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः जुनीचाँदे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>ठेगाना :- मजकोट, जाजरकोट<br>फोन नं:- ९८५८३९०१००<br>ईमेलः- junichanderuralmun@gmail.com |
| प्रस्तावको व्यहोरा | जाजरकोट जिल्ला जुनीचाँदे गाउँपालिकाको वडा नं. ०६ मा कुल ७.९० कि.मि. लम्बाइको नयाँ सडक निर्माण गरिनेछ। प्रस्तावित सडक क्यारेजवे (Carriage Way) को चौडाइ ५ मिटर, जसको दुवै छेउमा ०.७५ मिटर चौडाइको शोल्डर (Shoulder) सहित ६.५ मिटरको फर्मेसन चौडाई र १ मिटरको नाला प्रस्ताव गरिएको छ। सडकको सतह प्रिमिक्स (Premix Bituminous) हुनेछ र डिजाइन गति ४० कि.मि. प्रति घण्टा निर्धारण गरिएको छ। |
| प्रभाव पर्न सक्ने क्षेत्र | जाजरकोट जिल्ला जुनिचाँदे गाउँपालिकाको वडा नं. ०६ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरण परीक्षण (IEE) अध्ययन सम्बन्धि क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका/वडा कार्यालय तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| जुनीचाँदे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>ठेगाना :- मजकोट, जाजरकोट<br>फोन नं:- ९८५८३९०१००<br>ईमेल:- junichanderuralmun@gmail.com | मुभ ईन्जिनियरिङ्ग कन्सलटेन्सी एण्ड रिसर्च प्रा. ली.<br>ठेगाना :- बीरेन्द्रनगर -०८, सुर्खेत<br>फोन नं.:- +९७७-९८५८०७०४०२<br>ई-मेल :- move1234@gmail.com |

रेशम महतारा
प्रमुख प्रशासकीय अधिकृत